## माटोको खदिलो ब्लक प्रयोग गरी घर बनाउँदा लाग्ने लागत तथा निर्माण सामाग्री विश्लेषण

### लागत विश्लेषण

| विवरण | कुर्सी सतह (प्लिन्थ) सम्म | कुर्सी सतह (प्लिन्थ) देखि छानाको सतहसम्म | छाना | जम्मा |
|---|---|---|---|---|
| निर्माण सामाग्रीको लागत | ८३,००० | २,६६,००० | १,१२,००० | ४,६१,००० |
| निर्माणकर्मीको ज्याला | ४४,००० | १,२४,००० | ३८,५०० | २,०६,५०० |
| **जम्मा लागत** | **१,२७,०००** | **३,९०,०००** | **१,५०,५००** | **६,६७,५००** |
| सरकारी अनुदान | ५०,००० | १,५०,००० | १,००,००० | ३,००,००० |
| घरधनीको योगदान | ७७,००० | २,४०,००० | ५०,५०० | ३,६७,५०० |

### निर्माण सामाग्री विवरण

| सामाग्री | कुर्सी सतह (प्लिन्थ) सम्म | कुर्सी सतह (प्लिन्थ) देखि छानाको सतहसम्म | छाना |
|---|---|---|---|
| ढुङ्गा (टिप*) | १.८ | – | – |
| माटो (टिप) | २.३ | – | – |
| काठ (क्यूबिक)** | – | १६.६० | – |
| गिट्टी (टिप) | १.५ | १.६ | – |
| बालुवा (टिप) | ०.८ | २ | – |
| सिमेन्ट (बोरा) | ३५ | ८० | – |
| डण्डी (केजी) | १७५ | १९० | – |
| खदिलो ब्लक (गोटा) | – | २३५० | – |
| वर्गाकार पाईप (हात***) | – | – | १८१ |
| जस्तापाता (बण्डल) | – | – | ३.५ |

* १ टिप = १०५.९६ घन फिट, **क्यूबिक = घन फिट, ***१ हात = १ फिट ६ ईञ्च

**नोट** : नेरू. ६,६०,००० रूपैंयामा करिब ३०० वर्गफिट (१०० वर्गफिटको बरण्डा सहित) को घर बनाउन सकिन्छ (निर्माण लागत=२२०० नेरू प्रति वर्गफिट) । यदि घरधनीका परिवार निर्माण कार्यमा संलग्न भए भने र पुराना सामाग्रीको पुनः प्रयोग गरियो भने निर्माण लागत घट्नेछ । यदि घरधनीका परिवार अदक्ष कामदार (ज्यामी) को रूपमा निर्माण कार्यमा संलग्न भए भने, र २५% पुराना सामाग्री प्रयोग गरियो भने निर्माण लागत नेरू १,१५,००० सम्म घट्नेछ । निर्माणकर्मीको ज्याला र निर्माण सामाग्रीको मूल्य गोरखा जिल्लाको हो । यो रेट ठाउँ अनुसार फरक फरक हुन सक्नेछ । यो इस्टिमेटले आधार प्रदान गर्छ ।


**United Nations Development Programme (UNDP)**
UN House, KSK building,3rd floor, Lagankhel, Lalitpur
POB 107, Kathmandu, Nepal
Phone No: +977 1 5523200
Website: www.np.undp.org

**Center of Resilient Development (CoRD)**
Basundhara, Kathmandu.
PO Box: 1681, Kathmandu, Nepal
Phone No: +977 1 4387023
Email: info@cordvia.org


# सुरक्षित घर

## भूकम्प प्रभावित क्षेत्रका लागी सुरक्षित निर्माण प्रविधि

### माटोको खदिलो ब्लक (CSEB-Compressed Stablized Earthern Block) प्रयोग गरी घर बनाउने प्रविधि



माटोको खदिलो ब्लक पाकेको ईंटाको विकल्पमा अगाडी सारिएको नौलो निर्माण सामाग्री हो । घाममा सुकाए पुग्ने, आगोमा पोल्न नपर्ने भएकोले यो सामाग्री वातावरणमैत्री छ । यो ब्लकले पाकेको ईंटाले भन्दा आठ गुणा कम कार्बन उत्सर्जन गर्दछ । यो ब्लक प्रयोग गरी बनाईएका घरले जाडोमा न्यानोपन र गर्मीमा शीतलता दिन्छन् । यो ब्लकको उत्पादनमा समुदायलाई सरिक गराईएकोले यसले उद्यमशीलता पनि बढाएको छ । माटाका खदिला ब्लक निर्माणस्थलमै तयार गर्न गरिन्छ । माटो, बालुवा, सिमेन्ट र पानीको प्रयोग गरी यस्ता खदिला ब्लक बनाईने गरिन्छ । यी ब्लकहरू विभिन्न आकारप्रकारका हुन्छन्, भवनका विभिन्न भागमा विभिन्न आकारप्रकारका ब्लक प्रयोग गरिन्छन् । यो ब्लक ईंटाभन्दा सस्तो पर्छ । घर बनाउँदा विभिन्न भागमा राखिने ढलानका तेर्सा र ठाडा पट्टीहरूले बाकस प्रभाव सृजना गर्दछन् र सो घर भूकम्प प्रतिरोधी बन्दछ । यसरी घर बनाउँदा छाना तथा चुली गारो हलुका बनाईने गरिन्छ ।

### माटाका खदिला ब्लक प्रयोग गरी बनाईने घरले सुरक्षाको प्रत्याभुति दिन्छन् ।

माटाको खदिलो ब्लकको compressive strength ईंटाको जस्तै अर्थात ६० किलोग्राम प्रति वर्ग सेन्टिमिटर हुन्छ । यो ब्लक प्रयोग गरी घर बनाउँदा विभिन्न भागमा राखिने ढलानका तेर्सा र ठाडा पट्टीहरूले बाकस प्रभाव सृजना गर्दछन् र घर भूकम्प प्रतिरोधी बन्दछ ।


## कसरी हुन्छ उत्थानशील ?



घर बनाउँदा विभिन्न भागमा राखिने ढलानका तेर्सा र ठाडा पट्टीहरूले बाकस प्रभाव सृजना गर्दछन् र घर भूकम्प प्रतिरोधी बन्दछ ।



यो ब्लकले पाकेको ईंटाले भन्दा आठ गुणा कम कार्बन उत्सर्जन गर्दछ ।




यो ब्लक प्रयोग गरि बनाईने घर वातानुकुलिन हुन्छन् । गर्मीमा शीतलता र जाडोमा न्यानोपन प्रदान गर्दछ ।




समुदायको सहभागिताले जीविकोपार्जनमा मद्दत पुग्छ ।

## माटोको खदिलो ब्लक कसरी बनाउने ?



०१ **माटो जम्मा पार्ने** : जमिनको सतहबाट डेढ फिट गहिराईको माटो प्रयोग गर्ने ।




०२ **माटोको जाँच** : एउटा बोतलमा माटो र पानी बराबर मिसाउने र बोतल भर्ने । भरिसकेपछि एक चम्चा नुन हाल्ने । बोतललाई बेस्सरी हल्लाउने र आधा घण्टासम्म समतल सतहमा बोतललाई राख्ने । बोतललाई २ मिनेटसम्म फेरि हल्लाउने र ४५ मिनेटसम्म (पानी सङ्लो नभएसम्म) समतल सतहमा नचलाई राख्ने । अब बोतलमा २ वा ३ तह देखिनेछ । अर्थात मसिना गेग्रान, बालुवाका कण र माटो क्रमशः तलदेखि माथीसम्म देखिनेछ । प्रत्येकको गहिराई नाप्ने र प्रतिशत निकाल्ने ।



०३ **डल्ला फोरेर माटो चाल्ने** : माटोको डल्लालाई मसिनो हुने गरी फुटाउने । त्यसपछि माटोलाई चाल्ने ।



०४ **मात्रा मिलाउने** : माटो र बालुवाको बराबर मिश्रणमा ५ देखि ७ प्रतिशतसम्म सिमेन्ट मिसाउने, जसले ब्लक खदिलो बनाउँछ । सबै निर्माण सामाग्री राम्ररी नापेर मात्रै प्रयोग गर्ने । बालुवा नाप्दा एक पाङ्ग्रे ठेलागाडीले नाप्ने । माटो र सिमेन्टचाहि बाल्टीले नाप्ने ।



०५ **मिश्रण बनाउने** : नापेर ठिक्क पारिएको निर्माण सामाग्रीको मिश्रण तयार पार्ने । पहिला पानी नराखी राम्ररी मिसाउने । त्यसपछि ठिक्क पानी राखेर मिश्रण तयार पार्ने ।



०६ **ब्लक तयार पार्ने** : मेशिनको प्रयोग गरी मुछेर ठिक्क पारिएको मिश्रणबाट ब्लक तयार गर्ने ।



०७ ३ हप्तासम्म ब्लकलाई सुकाउने । प्लाष्टिकमाथी राख्नु सबैभन्दा उचित हो ।

# माटोको खदिलो ब्लक र सिमेन्ट मसला प्रयोग गरी बनाईने घरको निर्माण चरण



०१ जग खन्ने ।



०२ बालुवा र ढुंगा राखी सोलिङ गर्ने ।



०३ कुनाकुनामा ठाडो डण्डी राखी पिसिसि ढलान गर्ने ।



०४ जग बिम तयार पार्ने ।



०५ जग बिममाथी खदिला ब्लकको गारो उठाउन शुरू गर्ने ।



०६ कुर्सी सतहमा (प्लिन्थ लेभल) अंग्रेजी अक्षर 'यु' आकारका ब्लक र रड राखी प्लिन्थ ब्याण्ड बनाउने ।



०७ मसला भरेर ढलान गर्ने ।



०८ ढोकाको चौकोस राख्ने ।



०९ झ्यालको तल (सिल लेभल) अंग्रेजी अक्षर 'यु' आकारका ब्लक र रड राखी प्लिन्थ ब्याण्ड बनाउने ।




१० दायाँवायाँ रड राखेर झ्यालको चौकोसलाई उभ्याउने



११ रड र अंग्रेजी अक्षर 'यु' आकारका ब्लक राखेर तयार पारिएको सिल ब्याण्ड



१२ झ्याल–ढोकाको माथिल्लो भाग (लिन्टल) सम्म तयार भएको संरचना



१३ छाना राख्ने तयारी



१४ जस्ता राखेर छाना छाउने काम गरिँदै ।




१५ महत्वपूर्ण संरचनागत अंशहरू देखाईएको